# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.स २०७५/०७६
च.नं. ६०६४

मिती :- २०७६/०१/२४

बिषयः- **सामाजिक सुरक्षाको नामावली अनलाइन (MIS) दर्ता गरी नवीकरण गर्ने सम्बन्धमा ।**

श्री १ देखि २९ नं. वडा कार्यालयहरु सबै,

भरतपुर महानगरपालिका, चितवन ।

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारबाट भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक अन्य, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग, दलित बालबालिका सुरक्षा भत्ता लगायतको सम्पूर्ण नामावली विवरण राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको अनलाइन सामाजिक सुरक्षा प्रणाली (MIS) मा ईन्ट्री गरेर मात्र लाभग्राहीहरुलाई नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ मा भएकाले तहाँ वडा कार्यालयहरुमा अनलाइन नामावली विवरण इन्ट्री गर्न बाँकी लाभग्राहीहरुको सबै नामावली इन्ट्री गरी यथाशिघ्र नामावली अद्यावधिक गरिसक्न जानकारी गराइन्छ । साथै अनलाइन सामाजिक सुरक्षा प्रणालीमा इन्ट्री नभएका लाभग्राहीहरुको भत्ता वितरण गर्न नसकिने भएकाले आ-आफ्नो वडाबाट भत्ता खाईपाई आईरहेका लाभग्राहीहरुको अनलाइन (MIS) मा नामावली इन्ट्री नभएमा लेखा परीक्षण गर्दा महालेखा परीक्षकले बेरुजु औंल्याउने भएकाले भत्ता पाउने लाभग्राहीहरुको अनिवार्य रुपमा जेष्ठ मसान्त सम्ममा अनलाइन प्रणाली (MIS) मा इन्ट्री गरी सक्नु हुन तथा सम्पूर्ण लाभग्राहीहरुको आ.व. ०७६/७७ मा समेत भत्ता पाउनका लागि नवीकरण गर्नु पर्ने हुनाले सो कार्य समेत समयमै सम्पन्न गरिसक्नु हुन र अनलाइन प्रणाली (MIS) मा इन्ट्री नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरी बेरुजु देखिन आएमा सो को जवाफदेही वडा कार्यालय नै हुने व्यहोरा समेत अनुरोध छ ।

..................
नेत्र प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner